# तुलसीचन्द्र स्मृति प्रतिष्ठानद्वारा आयोजित पुरस्कार वितरण तथा सम्मान कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको मन्तव्य

**आजको यस कार्यक्रमको अध्यक्षता गर्नु हुने व्यक्तित्व साथै मञ्चमा आशिन आदरणीय सत्यमोहन जोशीज्यू, उपस्थित साहित्य अनुरागी व्यक्तिहरू, महिला तथा सज्जनवृन्द,**

सर्वप्रथम आयोजक संस्था तुलसीचन्द्र स्मृति प्रतिष्ठानप्रति आभार प्रकट गर्न चाहन्छु। गैर साहित्यकार म अनूप राज शर्मालाई जो मानव अधिकारको कुरा गर्दछ । साहित्यकार र साहित्यिक वातावरणमा उभ्याइदिनुभयो र मेरो भनाई राख्ने मौका दिनुभयो धन्यवाद छ।

सम्मानित व्यक्ति शताब्दी पुरुष श्री सत्यमोहन जोशीलाई सम्मान गर्न पाउँदा म गौरवान्वित भएको छु। त्यस्तै आजै केही क्षण अघि सार्वजनिक गरिएको **"पैदले काठमाण्डुका चुलीहरू"** नामक पुस्तक लेखक श्री जय छाङ्गछालाई सम्मान गर्न पाउँदा खुसी लागेको छ।

श्री जय छाङ्गछाले यस भन्दा अघि ५ ओटा नियात्राका पुस्तक अनि ४ ओटा कविता संग्रह र २ ओटा पथप्रदशक संग्रह प्रकाशित गरी सक्नु भएको रहेछ। धन्य उहाँको जाँगर र साहित्य सृष्टिको परिणाम यस्ता व्यक्तित्वलाई आज सम्मान गर्न पाउँदा गद्गद भएको छु। छाङ्गछाज्यू साहित्यिक सृजनाको रफ्तार न रोकियोस्।

म मानव अधिकारको अभियानमा संलग्न व्यक्ति हुँ। साहित्यसँग मानव अधिकार जोडिन्छ कि भनी मैले केही बेर घोत्लिएँ। साहित्य भनेको लेखकको आत्मवृत्ति हो। अभिव्यक्तिलाई नियन्त्रण गरियो वा बन्देज गरियो भने लेखकको अभिव्यक्ति स्वतन्त्रता गुम्ने भयो। यो भनेको मानव अधिकारको स्वतन्त्रता गुम्न जान्छ। मानव अधिकार भनेको के हो ? लामो व्याख्या न गरिकन भन्छु कि, सम्मानपूर्वक बाँच्न पाउने अधिकार नै मानव अधिकार हो। गाँस, बास, कपासले मात्र मानिसको विकास हुँदैन। स्वतन्त्रता र सम्मान सहित बाँच्ने अधिकार नै मूलभूत मानव अधिकार हो। साहित्यको श्री वृद्धि लोकतान्त्रिक बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा मात्र सम्भव हुन्छ। आफुले देखेको भोगेका कुराहरू व्यक्त गर्न पाउने प्रत्याभूति नै साहित्य सृजनाको कडी हो। अभिव्यक्तिको स्वतन्त्रता भएन भने साहित्यको श्री वृद्धि हुँदैन। यसर्थ मानव अधिकारको मौलिक दर्शन सँगै जोडिन जान्छ। मानिसका भाषा, संस्कृतिको विकास पनि उसको अधिकार भित्रकै कुरा हो। साहित्यकार त मानव अधिकारको सर्जक हो।

साहित्यका धेरै विधाहरू हुन्छन्। औपचारिक रुपमा मैले साहित्यको कुनै विधामा लेखेको छैन। मेरा मन्तव्य भाषण अभिव्यक्ति अन्तरवार्ता सबै मानव अधिकारकै सेरोफेरोमा हुन्छ। साहित्यकारका माफ

त्यो पनि साहित्यको कुरा गर्नु पर्दा अलि अलमलिएको छु । म साहित्यकार होइन तर साहित्यका धेरै विधाहरूको एउटा सजग पाठकको रुपमा अध्ययन गर्ने गर्छु ।

मलाई आत्मकथा, इतिहास संस्कृति यात्रावर्णन मन पर्छ । मेरो सामुन्ने संस्कृतिविद शताब्दी पुरुष श्री सत्यमोहन जोशी हुनुहुन्छ । उहाँको अगाडि मेरो संस्कृति सम्बन्धी ज्ञान एउटा दम्ब मात्र हुनेछ । नेपालले भुसुक्क बिर्सिएको नेपालको छोरा चिनिया नामाकरण भएको अरनिकोको रुपमा आफ्नो मातृभूमिको प्रतिष्ठित गराउने व्यक्तित्व श्री सत्यमोहन जोशीलाई हामीले कसरी स्तुत्य व्यक्तिको रुपमा अभिनन्दन वा सम्मान नगर्ने । अब आम सार्वजनिकीकरण गरिएको श्री जय छाङ्गछाद्वारा रचित पुस्तक **"पैदलै काठमाण्डुका चुलीहरू"** भनी शीर्षक राखिएको पुस्तकमा १५ ओटा यात्राबारे वर्णन छ । लेखकले यसलाई नियात्रा भनी नामाकरण गर्नुभएको छ । यात्रा भन्ने धेरैको बुझाई छ तर नियात्रा के भनिन्छ भनी मैले आजै विहान शब्दकोष हेर्ने जमर्को गरे । शब्दकोष अनुरुप नियात्रा यात्रा बर्णन बारे काब्यात्मक शैलीमा लेखिएको निवन्ध वा यात्रा निवन्धको औपचारिक वा उपाख्यात्मक रूप रहेछ ।

माथि उल्लेखित नियात्राका निवन्ध धेरैले लेखेका छन् । चीनबाट भारत आई बुद्धको जन्मस्थल लुम्बिनी आएका चीनिया यात्री हुयनस्याङ्ग वा फाइपानले आफ्नो भ्रमण गरी.नेपालमा कुन शासन कस्तो शासन आफु नआइकन पनि काठमाण्डुमा रहेको राजप्रसाद, शासनतन्त्रबारे लेखेका छन् । यसलाई यात्रा वर्णन मात्रै मान्ने हो वा यो पनि नियात्रा हो । नेपाली भाषा नियात्रा निवन्ध धेरैले लेखेका छन् । स्वरुप छाङ्गछाज्यूले आफ्नो पुस्तकको आलेखमा डा. तारानाथ शर्मा देखि गीता रेग्मी सम्मका समकक्षीहरूलाई सम्झनु भएको छ । लेखकले ५०० वर्ष अगाडि का राजा गगनीराजको यात्रा वर्णन सम्झनु भएको छ । १५ ओटा निवन्धको माध्यमबाट लेखकले काठमाण्डु उपत्यकालाई घेरेर बसेका चुलीहरू भ्रमणबारे कतै दैनिकी जस्तो तर धेरैमा काव्यात्मक वर्णन गर्नुभएको छ । यो पुस्तक पढेपछि कतिलाई काठमाण्डुका चुलीहरू चढ्ने हौसला पक्कै पनि आउँछ होला ।

अब एक दुई वटा प्रसंङ्ग पुस्तिकाबाट लिएको छु । छाङ्गछाज्यू आफ्ना मित्रहरूको जमातसँगै साँगा भञ्ज्याङ्गबाट रानीकोटको शीखरतिर लाग्दाको वर्णनमा पाइलट बाबाका कुरा आउँछ । नेपाली राजनीतिक व्यक्तिहरू माझ अति प्रिय रहेको पाइलट बाबाको आश्रम वर्णन पाउँदा रमाइलो लाग्दछ । अनी बनमाराबाट दिक्क भएका किसानको पीर एकातिर राखौं किनकि त्यो बनमाराको पातले पायल्सलाई निको पार्ने वर्णन पनि त्यहाँ छ । तर यो प्रयोग सिद्ध चाहि भएको भनी भनाई पाइएन । यसैमा बाघको दुध खाने भन्ने प्रसंङ्ग आउँछ । बाघको दुध कसले दुह्यो, कहाँ बाघले दुघ दुहुन दिँदो रहेछ ? पुस्तकले त्यो रहस्य खोल्दैन । लाँकुरी भञ्ज्याङ्गबारे मनमोहक वर्णन गरिएको छ । १४ ओटा नियात्रा लेख्नु अघि डुल्नु पनि पऱ्यो । शिखर शिखरमा यो पनि कम मेहनतको कुरा होइन । बधाई छ छाङ्गछाज्यू बधाई ।

!! धन्यवाद ! !

मिति २०७६साल पुष १८ गते, काठमाडौ